बागमती प्रदेश सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, धादिङ

(कार्यक्षेत्र: धादिङ जिल्ला मात्र)

धादिङबेशी, धादिङ, नेपाल।

पत्र संख्या: २०८०/८१

च.नं. 228

मिति: २०८०/१०/०७

**सूचना । सूचना ।। सूचना !!!**

यही मिति २०८० साल माघ १० गते देखि २१ गतेसम्म धादिङ उद्योग वाणिज्य संगको आयोजनामा "धादिङको दिगो विकास र अर्थतन्त्रको आधार, कृषि, जलश्रोत, पर्यटन तथा उद्योगको पूर्वाधार" भन्ने नाराको साथ गजुरी गाउँपालिका वडा नं. ५, गलौदी, धादिङमा सञ्चालन हुन गइरहेको नवौं धादिङ महोत्सव-२०८० को अवसरमा धादिङ जिल्ला भित्रका सम्पूर्ण कृषकहरुले तपसिल बमोजिमका आ-आफ्नो कृषिजन्य उत्पादन तथा प्रविधिहरु मिति २०८०/१०/१० गते भित्र यस महत्सवको कृषि स्टल भित्र प्रदर्शन तथा प्रतिस्पर्धाको लागि सूचीकृत गराई सहभागी भईदिनुहुन यो सूचना आहवान गरिएको छ। साथै उक्त महोत्सवमा तपसिल अनुसारका बाली समूह अन्तर्गत प्रदर्शन गरिएका उपज/प्रविधिहरुको प्रतिस्पर्धा गरी सहभागी हुनु भएका कृषकहरुलाई पुरस्कार वितरण गरिने जानकारी समेत गराईन्छ।

तपसिल:

| क्र.सं. | बाली/प्रविधिको नाम | प्रदर्शन गर्ने विधा | कैफियत |
|---|---|---|---|
| १ | काउली बाली समूह (काउली, बन्दा, ब्रोकाउली) | पूरै बोट | |
| २ | जरे बाली (मूला, गाजर, सलगम, चुकन्दर) | पूरै बोट | |
| ३ | गोलभेडा बाली समूह (गोलभेडा, भण्टा, खुर्सानी) | फलेको पूरै बोट | |
| ४ | दलहन बाली (मास, भट्टमास, बोडी, गहत, मस्याङ आदि) | सेतो पारदर्शी प्लाष्टिकमा आधा के.जी. को प्याक | |
| ५ | अन्न बाली (धान, मकै, गहुँ) | पुरै बोट, घोगाङ, बाला | |
| ६ | लहरेबाली समूह (फर्सी, काक्रो, लौका, घिरौंला, करेला | फल, बोट, बिरुवा | |
| ७ | मसलाबाली समूह (अदुवा, बेसार, अलैंची, धनियाँ) | बोट, गाना | |
| ८ | फलफूल बाली (सुन्तला जात, केरा, मेवा आदि) | फलेको हाँगा, फल, घरी | |
| ९ | च्याउ, मौरीको घार, मह, | फलेको डल्लो, मौरी सहितको घार, चाका, बट्टा | |
| १० | अचार, सिङ्की, गुन्द्रुक | बट्टा, पोका | |
| ११ | कन्दमुल बाली (तरुल, पिँडालु, सख्खरखण्ड, ओल आदि) | सिङ्गो गानो/जरा | |
| १२ | नविनतम् कृषि प्रविधि | नविनतम्, रोग प्रतिरोधात्मक, बिरुवाका जात, यन्त्र उपकरण, जैविक विषादी तथा मल इत्यादि | |
| १३ | विविध | | |

(निर्मला गुरुङ)

प्रमुख

सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
दर्ता नं: १२६४
दर्ता मिति: ०८०/१०/११
हस्ताक्षर:

Scanned with CamScanner